मध्यनेपाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भोर्लेटार, लमजुङ, गण्डकी प्रदेश, नेपाल, २०७३

# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
**गण्डकी प्रदेश, नेपाल**

फोन नं. ०६६-४१०२५२

प.सं. ०७६।७७
च.नं. २०९१

मिति: २०७७/०३/२६

श्री वडा कार्यालय (सबै)
मध्यनेपाल नगरपालिका, लमजुङ ।

विषय : निर्णय पठाईएको बारे ।

प्रस्तुत विषयमा मिति २०७७/०३/२३ गते बसेको नगर कार्यपालिकाको बैठकबाट भएका देहाय अनुसारका निर्णयहरु आवश्यक जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

...............
नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नम्वर १.</u>

प्रस्ताव नम्वर १ माथि छलफल गर्दा नेपाल पत्रकार महासंघ लमजुङ शाखाले "कोभिड १९ संचार राहत प्याकेज प्रस्तावना-पत्र"यस नगरपालिकामा पेश गरी प्रस्तावित गरिएको चारलाख रुपैंयामध्ये नगरपालिकाबाट दुईलाख रुपैंयाको साझेदारीको प्रस्ताब गरेकोले उक्त प्रस्तावमा नगरपालिकाको तर्फबाट एकलाख रुपैंयाको साझेदारी गर्ने र उक्त रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको सोतिपसल बजार सडक कालोपत्रे कार्यक्रम शीर्षकको खर्च हुन बाँकी रहेको रकम बाट उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णयनम्वर२.</u>

प्रस्ताब नम्बर २ माथि छलफल गर्दाकोभिड १९ को कारणले लकडाउन भएको समयमा नगरपालिकाका अधिकांश कर्मचारीरु विदामा बसेका र स्वास्थ्य सेवाका कर्मचारीहरु लगायत नगरपालिकाका केही कर्मचारीहरु मात्र सार्वजनिक बिदाको दिनमा समेत नियमित रुपमा कार्यालयमा उपस्थित भई तथा नगरपालिका भित्रका विभिन्न स्थानमा खटिई कामकाज गरिरहेकाले लकडाउनको समयमा विदामा बस्ने र सार्वजनिक विदाको दिनमा समेत कामकाजमा खटिरहने दुबैखाले कर्मचारिहरु लाई समान सुविधा उपलब्ध हुनु न्यायसंगत नहुने भएकोले लकडाउनको अबधिमा कुनैपनि प्रकारको विदा नबसी लगातार कार्यालयमा हाजिर भएर वा काजमा खटिएर कामकाज गरेका स्वास्थ्य तर्फका र नगरपालिकाका कर्मचारीहरुलाई मित २०७६ चैत्र महिनाको ११ गतेदेखि २०७७ असार मसान्त सम्म कर्मचारी कार्यरत रहेको तहको सुरु तलब स्केलको ५० प्रतिशतका दरले हुन आउने रकम र त्याब असिष्टेन्टलाई निजहरुको तलब रकमको ७५ प्रतिशतका दरले हुनआउने रकम बराबरको रकम प्रोत्साहन भत्तास्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Email : madhyanepalmun@gmail.com
Website : www.madhyanepalmun.gov.np

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-४१०२५२

प.सं. ०७६।७७
च.नं.

**निर्णय नम्बर ३.**

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा नगरपालिकामा हालसम्म भएको चालु खर्च तर्फको रु २५,३३,०७,२६३ र पुँजिगत खर्च तर्फको रु ८,५४,९९,१८८ गरी जम्मा भएको खर्च रु ३३,८८,०६,४५१ लाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ४.**

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा यस नगरपालिका भित्रका श्रेस्ता ब्यबस्थपनको लागि मालपोत कार्यालय लमजुङ बाट रु दुईलाख माग भई आएको र कारागार कार्यालय ब्यवस्थापनको लागि कारागार कार्यालय लमजुङबाट समेत सहयोग माग भईआएकोले मालपोत कार्यालय लाई रु पचास हजार र कारागार कार्यालयलाई रु पच्चिस हजार उपलब्ध गराउने र उक्त रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको सोतिपसल बजार सडक कालोपत्रे कार्यक्रम शीर्षकको खर्च हुन बाँकी रहेको रकम बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५.**

प्रस्ताब नम्बर ५ माथिछलफल गर्दानगरपालिकाको कृषि विकास शाखामा कर्मचारी नभएको कारण कृषि कार्यक्रमहरु संचालनमा कठिनाई भएकोले रिक्त कृषि अधिकृतको पदमा एकजना कर्मचारी सेवा करारमा लिनको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ६.**

प्रस्ताब नम्बर ६ माथिछलफल गर्दासामाजिक सुरक्षा भत्ता नियमावली २०७६ को नियम ९ अनुसार आगामी आर्थिक बर्ष २०७७।७८ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहने लाभग्राहीहरुले आगामी श्रावण मसान्त भित्र आफ्नो नाम नविकरण गरिसक्नुपर्ने र यसरी नविकरण नगर्ने लाभग्राहीहरु आगामी आर्थिक बर्षमा भत्ता पाउनबाट बन्चित हुने भएकोले नगरपालिकाबाट प्रकासित सूचना अनुसार सबै वडाले समयमै नाम नविकरण गर्ने ब्यस्था मिलाउनेनिर्णय गरियो ।

**निर्णय नम्बर ७.**

प्रस्ताब नम्बर ७ माथी छलफल गर्दा आगामी आर्थिक बर्ष २०७७।७८ को लागि जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्ने प्रयोजनको लागि सबै वडाका वडाध्यक्षको राय अनुसार मालपोत कार्वयालय लमजुङमा पठाईएको जग्गाको न्यूनतम मूल्याङ्कनको सूचीलाई समर्थन गर्नेनिर्णय गरियो ।

**निर्णय नम्बर ८.**

Email : madhyanepalmun@gmail.com
Website : www.madhyanepalmun.gov.np

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
फोन नं. ०६६-४१०२५२

प.सं. ०७६।७७
च.नं.

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा सबैखाले घटना दर्ताहरु अनलाईनको माध्यामद्वारा गर्ने नेपाल सरकारको नीति अनुसार आगामी आर्थिक बर्ष २०७७।७८ को श्रावण १ गतेबाट नगरपालिकाका एम आई एस अपरेटर र फिल्ड सहायको सहजिकरणमा सबै घटना दर्ताहरु अनलाईनको माध्यामबाट गर्ने गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ९.

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा बैठकमा पेश भएको आगामी आर्थिक बर्ष २०७७।७८ का विषयगत योजना तथा कार्यक्रमहरुको सूचीलाई अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नम्बर १०.

प्रस्ताव नम्बर १० माथि छलफल गर्दाचालु आर्थिक बर्ष २०७६।७७ का दुईवटै नगरसभामा पेश हुने कानूनको मस्यौदा तयार गर्ने कार्य,नीति तथा कार्यक्रम तयार गर्नेकार्य, बजेट तयार तर्ने कार्य, सभाको ब्यबस्थापन गर्ने कार्य लगायत नगरपालिकाको बृहत्तर हितको कार्यमा खटिने, नगर प्रमुखको सिफारिसमा नाम उल्लेख भएअनुसारका प्रत्येक कर्मचारीलाई निजले गरेको कार्यको सम्मान गर्दै कर्मचारी कार्यरत रहेको तहकोसुरु तलब स्केलको एक महिनाको तलब रकम बराबरको रकम पुरस्कार स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ११.

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा आगलागि बाट क्षतिग्रस्त यस नगरपालिकाको वडा नं १ स्थित चिनारी बाख्रा फारम लाई राहत स्वरुप दोहोरो नपर्नेगरी रु एकलाख उपलब्ध गराउने र उक्त रकम चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रममा रहेको सोतिपसल बजार सडक कालोपत्रे कार्यक्रम शीर्षकको खर्च हुन बाँकी रहेको रकम बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १२.

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दाकोभिड १९ को कारण बाहिर बाट आउने मानिसहरुको संख्या बढिरहेको र त्यस्ता मानिसहरुलाई विभिन्न ठाउँमा पुगी क्वारेन्टाईन स्थल सम्म पुन्याउने, पि सि आरको लागि स्वाब लिने, स्वाव लिंदा लगाईएका सुरक्षाका सामाग्रीहरु डिस्पोज गर्ने, सरसफाई गर्ने,स्वाब परिक्षणको लागि ल्याब सम्म पुन्याउने, क्वारेन्टाईनमा भएका र डिस्चार्ज भएका मानिसहरुकोब्यबस्थापन गर्ने र संकास्पद ब्यक्तिहरुको आर डि टि गर्ने जस्ता जोखिमपूर्ण कार्यहरु नगरपालिकाले गर्नु परिरहेकोले यस्तो जोखिमपूर्ण कार्यमा सुरुदेखि हालसम्म संलग्न देहायका कर्मचारीहरुलाई जनही रु पाँचहजार पुरस्कार, सम्मानपत्र र दोसल्लाले नगर सभा स्थलमा सम्मान गर्ने निर्णय गरियो ।

१. सुर्य प्रसाद पौडेल
२. मनिसा दुरा

Email : madhyanepalmun@gmail.com Website : www.madhyanepalmun.gov.np

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
फोन नं. ०६६-४१०२५२

प.सं. ०७६।७७
च.नं.

३. तारा गुरुङ
४. सुरेन्द्र पौडेल

निर्णय नम्बर १३.

प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा यस कार्यालयका देहाय अनुसारका कर्मचारी हरुलाई देहाय अनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१. कम्प्यूटर अपरेटर संजय पौडेलको सम्बन्धमा सहायक चौथो पदको सुरु तलब स्केल बराबरको तलब र सुविधाउपलब्ध गराउने,

२. सवारी चालकको सम्बन्धमा हलुका सवारी चालकले पाउने सुरु तलब स्केल बराबरको तलब र सेवा सुविधा उपलब्ध गराउने,

३. रु १३५०० तलब उपलब्ध गगराईएका कार्यालय सहयोगीहरुको सम्बन्धमा अन्य करारका कार्यालय सहयोगीहरु सरह तलब र सेवा सेवा सुविधा उपलब्ध गराउने।

...र बहादुर ...
...मुख प्रशासकीय अधिकृत